राष्ट्रिय महिला आयोगद्वारा आयोजित

# महिला अधिकार

विषयक

# सार्वजनिक सुनुवाई

कार्यक्रमको प्रतिवेदन

| | | |
|---|---|---|
| **जिल्ला** | : | **दोलखा** |
| **कार्यक्रम भएको स्थान** | : | **जि.वि.स. को सभाकक्ष, दोलखा** |
| **मिति** | : | **२०६८।०९।१९** |
| **समय** | : | **११:००–२:०० सम्म** |
| **संयोजन** | : | **महिला तथा बालबालिका कार्यालय, दोलखा** |


**प्रतिवेदन प्रस्तुतकर्ता**

केशवराज पौडेल

लेखापाल

रा.म.आ. भद्रकाली प्लाजा,

काठमाडौं ।

राष्ट्रिय महिला आयोग, काठमाडौंद्वारा दोलखा जिल्लामा मिति २०६८।०९।१९ गते आयोजना गरिएको महिला अधिकार विषयक सार्वजनिक सुनुवाई कार्यक्रममा भएको विवरण प्रतिवेदन ।

**डायसमा आमन्त्रित अतिथिहरूः**

| | | |
|---|---|---|
| १. | अध्यक्ष, रा.म.आ. (आयोजक तर्फ) | श्री शेष चाँदतारा कुमारी |
| २. | प्रमुख जिल्ला अधिकारी | श्री गणेश प्रसाद भट्टराई |
| ३. | प्रमुख जिल्ला प्रहरी कार्यालय | श्री गोविन्द झा |
| ४. | प्रमुख जिल्ला कृषि विकास कार्यालय | श्री नवराज सापकोटा |
| ५. | प्रमुख जिल्ला घरेलु तथा साना उद्योग कार्यालय | श्री प्रदीप उपाध्याय |
| ६. | प्रमुख नगरपालिका | श्री शिव प्रसाद रिजाल |
| ७. | प्रमुख जिल्ला जनस्वास्थ्य कार्यालय | श्री बसन्त अधिकारी |
| ८. | प्रमुख जिल्ला मालपोत कार्यालय | श्री खिमानन्द आचार्य |
| ९. | महिला विकास अधिकृत | श्री मेरिना श्रेष्ठ |

**आयोजक समूहः-**

| | | |
|---|---|---|
| १. | अध्यक्ष श्री शेष चाँदतारा कुमारी | -राष्ट्रिय महिला आयोग |
| २. | उप सचिव श्री यमेन्द्र उपाध्याय | -राष्ट्रिय महिला आयोग |
| ३. | लेखापाल श्री केशवराज पौडेल | -राष्ट्रिय महिला आयोग |
| ४. | ह.स.चा. श्री कमल वि.क. | -राष्ट्रिय महिला आयोग |

**कार्यक्रम सञ्चालन (प्राविधिक समूह):**

१. श्री नारायण अधिकारी

२. श्री किशोर थापा

**विशेष संयोजनः**

१. महिला विकास अधिकृत -महिला तथा बालबालिका कार्यालय, दोलखा

**पृष्ठभूमि :**

महिला हक हितको संरक्षण र संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नका लागि राष्ट्रिय महिला आयोगको स्थापना भएको सर्वविदितै छ । स्थापना काल देखिनै निर्धारित उद्देश्य प्राप्तीका लागि महिला आयोग क्रियाशील रहदै आएको छ ।

महिला अधिकारको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, नियमन, अनुगमन र सुपरिवेक्षण गर्नु नै महिला आयोगको प्रमुख जिम्मेवारी एवं कर्तव्य हो । राष्ट्रिय महिला आयोग ऐन, २०६३ को परिच्छेद ३ मा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत उपदफा (१) (ञ) मा व्यवस्था भए बमोजिम महिला हक हित र सरोकारको विषयमा आवश्यकतानुसार सार्वजनिक सुनवाई गर्ने प्रावधान रहेको छ । सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा नियमावली, २०६५ नियम ११ मा उल्लेख छ । यस प्रकार ऐन नियमले तोके बमोजिम आयोगले महिला अधिकारको संरक्षण र संवर्द्धन गर्दै आइरहेको छ ।





राष्ट्रिय महिला आयोगको आर्थिक वर्ष ०६८।०६९ को वार्षिक कार्यक्रममा सार्वजनिक सुनुवाईको व्यवस्था गरिएको छ । आयोगले विगतका वर्षदेखि सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्दै आइरहेको छ । यसै सिलसिलामा आयोगले यस वर्ष पनि पाँच विकास क्षेत्रमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको छ । महिलाको सम्पत्ती, स्वास्थ्य, नागरिकता सम्बन्धी अधिकार एवं महिला माथि हुने हिंसा र त्यसबाट महिलाले भोग्नु परेका समस्या र जिल्ला स्थित सार्वजनिक निकायबाट महिलाले प्राप्त गरेका सेवा सुविधा लगायतका विषयवस्तुमा केन्द्रित भै मध्माञ्चल विकास क्षेत्रको एक पहाडी जिल्ला दोलखा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको छ ।

हिंसा पीडित महिला, गैर सरकारी संस्थाका प्रतिनिधि, महिला अधिकारकर्मी, कानून व्यवशायी, पत्रकारहरूको सहभागितामा मिति २०६८।०९।१९ मा जिल्ला विकास कार्यालयको सभाकक्षमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरियो । कार्यक्रमको प्रारम्भमा कार्यक्रम सञ्चालक तथा आयोगका उपसचिव श्री यमेन्द्र उपाध्यायबाट सार्वजनिक सुनुवाई कार्यक्रममा स्वागत मन्तव्य दिदै कार्यक्रम सञ्चालनको उद्देश्यमाथि प्रकाश पार्दै देहाय बमोजिम कार्यक्रम सञ्चालन गर्नु भयो ।

महिलाको हक अधिकारको संरक्षण र संवर्द्धन गर्न यो सार्वजनिक सुनुवाई कार्यक्रम सेवा प्रदायक निकाय र सेवाग्राही बीचको प्रत्यक्ष संवादको कार्यक्रम हो ।

⇒ राज्यलाई महिला हक हितको संरक्षण गर्ने के कस्ता नीतिको आवश्यकता छ, झकझकाउने ।

⇒ महिला विरूद्ध भेदभाव तथा समाजिक कुरिती विरूद्ध जनचेतना दिने,

⇒ हिंसामा परेका महिला हक अधिकार दिलाउन आवश्यक कार्य गर्ने,

⇒ लैङ्गिक समानता, महिला शसक्तीकरण गर्ने,

⇒ जिल्ला तहमा महिलाले आफ्नो हक अधिकार पाएका छन् छैनन्, नीतिगत, व्यावहारगत के कस्ता समस्या छन् ? के कस्ता सुधार गर्न आवश्यक छ ? यि विविध विषयमा छलफल गर्ने तत्काल समाधान हुने समस्या समाधान गराउने र नीतिगत सुधार गर्नु पर्ने भए सम्बन्धित ठाउँमा सुधारका लागि लेखी Feed back सहित कार्य अगाडी बढाउने ।






**महिला विकास अधिकृतको भनाईः**

⇒ मिति २०४२ सालदेखी अपाङ्ग, जेष्ठ नागरिक सम्बन्धित कार्यक्रम सञ्चालन भैरहेको ।

⇒ सीप विकास तालिम, आधारभूत तालिम, सामाजिक सुरक्षा, चेलीबेटी बेचविखन कार्यक्रम सञ्चालन दोलखाका जिल्लाका ५१ गा.वि.स. मा सञ्चालित ।

⇒ सहकारी संस्थाको लागि कार्य अगाडी बढिरहेको, Focal Point को रूपमा NGO हरू को सुचिकृत गर्ने कार्य भैरहेको ।

⇒ समग्र जिल्लाका ९% महिलालाई मात्र सेवा दिन सकिएको ।

**जनस्वास्थ्य प्रमुखको भनाईः**

⇒ सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन, गर्भवती महिलालाई टी.टी. खोप दुईपटक दिइरहेको ।

⇒ रक्त अल्पताका लागि आइरन चक्की, १२५० महिला स्वास्थ्य स्वयं सेविकाद्वारा विकट गाउँमा स्वास्थ्य सेवा दिइरहेको ।

⇒ गाउँघर क्लिनिक सेवा ।

⇒ आङ्खस्ने समस्या धेरै देखिएकोले १५ वटा गा.वि.स. मा उक्त समस्या समाधानको लागि निःशुल्क शिविर राखिएको ।

**मालपोत कार्यालय प्रमुखको भनाईः**

⟹ जिल्ला मालपोत दोलखाले महिलाका नाममा जग्गा रजिष्ट्रेशन पास गर्दा नगर क्षेत्रको जग्गामा २५% छुट, गा.वि.सं मा ४०% छुट दिइरहेको (हिमाली गा.वि.स.मा) र अन्य बाँकी गा.वि.स. मा ३०% छुट दिदैं आएको ।

⟹ आ.व. ०६७।०६८ मा दोलखा जिल्लामा महिलाले रजिष्ट्रेशन पासबाट रू. २५ लाख छुट पाएका ।

**जिल्ला कृषि कार्यालय प्रमुखको भनाईः**

⟹ कृषि कार्यालयले सञ्चालन गर्ने वागमती विकास, तरकारी विकास, पुष्प विकास, वाली विकास, आलु विकास, वाली संरक्षण, साना कार्यक्रमहर र कृषक तालिम छुट्टै महिला समूह गठन गरी कार्य सम्पन्न गर्दै आएका छौ ।

**नगरपालिका प्रमुखको भनाईः**

⟹ सबै विकास कार्याक्रम सञ्चालन गर्दा १/१ जना महिला प्रतिनिधि अनिवार्य गरिएको. छ ।

⟹ महिलाको स्वास्थ्यलाई ध्यानमा राखी नगरपालिका बाट १ जना अनमी तलव भत्ता भुक्तानी हुनेगरी व्यवस्था गरेका छौ ।

⟹ जिल्ला समग्र ७० प्रतिशत कार्यक्रम महिला लक्षित छन् ।

**सरकारी वकिल प्रमुखको भनाईः**

⟹ जबरजस्ती करणी मुद्दा बढिरहेका छन् ।

⟹ धेरै जसो मुद्दाहरू मेलमिलापतिर बढि जाने, राजनीतिक दवावले गर्दा दोषिले कारबाही नपाउने स्थिति छ ।

⟹ लोग्ने संगको अंशको मुद्दामा उचित न्याय नपाउने, अधिकारमा सजग नहुने समस्या देखिएका छन् ।

**जिल्ला प्रहरी प्रमुखको भनाईः**

⟹ महिलाको मुद्दामा काम कारबाही हेर्ने महिला सेल छ ।

⟹ यस आ.व. मा ज.क.मुद्दा -२, बहुविवाह मुद्दा नभएको, जिउमास्ने बेच्ने मुद्दा पनि छैनन् ।

⟹ यस आ.व. मै ३२ वटा मुद्दामा छलफल हुँदा मिलापत्र भयो ।

**जिल्ला वन कार्यालय प्रमुखको भनाईः**

⟹ यस जिल्लामा ३५% महिलाहरू सामूदायिक वन विकास कार्यक्रममा संलग्न छन् ।

⟹ विपन्न महिला विकास कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

⟹ सामुदायिक वन समूहमा ५०% महिला सहभागिता पुर्‍याउने लक्ष्य छ ।

**शिक्षा कार्यालय प्रमुखको भनाईः**

⟹ प्रत्येक प्रा.वि. विद्यालयमा एक जना शिक्षिकाको व्यवस्था गरेका छौं ।

⟹ प्रौढ शिक्षा, छात्राका लागि छात्रवृत्ति, दलित छात्राका लागि छात्रवृत्तिको व्यवस्था छ ।

⟹ समग्र शिक्षाको बजेटको ६०% रकम छात्राका लागि खर्च हुने गर्छ ।

**जिल्ला विकास समितिः**

⇒ महिला लक्षित कार्यक्रम सञ्चालन ।

⇒ महिला समन्वय समिति छ ।

⇒ महिला हिंसा हेर्ने डेस्क छ ।

⇒ महिला शसक्तीकरण कार्यक्रम सञ्चालित छन् ।

⇒ Gender Focal Person तोकिएको छ ।

⇒ कुल बजेटको १०% रकम महिला विकासका लागि खर्च गर्ने गरेको ।

⇒ आ.व. २०६७।०६८ मा रू. ३६,६२,५३५।- महिला शसक्तीकरण लगायत महिला लक्षित कार्यक्रममा खर्च भएको ।

**प्रमुख जिल्ला अधिकारीको भनाईः**

⇒ यस जिल्लामा नागरिकताका खासै समस्या छैनन् ।

⇒ बेगुका आनीहरूको शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारका समस्या छन् ।

⇒ यस जिल्लामा सेवा दिने निकाय भन्दा सेवा प्राप्त गर्नेको समस्या छ ।

⇒ महिला हिंसा सम्बन्धी कतिपय मुद्दाहरू बाहिर आउन नसकि लुकिरहेका छन् । यी मुद्दा बाहिर आउने वातावरण सम्बन्धित निकायको यसमा ध्यान जान जरूरी छ ।

**सार्वजनिक सुनुवाई देखिएका समस्याहरूः**

१. गुम्बामा बस्ने आनीहरूको शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्नको समस्या देखिएका छन् ।

२. सृजना कार्की (महिला अधिकारकर्मी) बाट

⇒ महिलाको अर्थपूर्ण सबै क्षेत्रमा छैन? शिक्षण पहुँच कम छ ?

⇒ पीडित महिला पुनः स्थापना केन्द्र छैन । State House छैन ।

⇒ बहु विवाहमा महिलालाई मुद्दा हाल्न दिइदैन ।

३. गंगा श्रेष्ठबाटः

⇒ हिमाली गा.वि.स. का लागि हिंसा पीडित महिलाका लागि रकम व्यवस्था हुनुपर्ने ।

४. सुनिता नेपालीबाटः

⇒ महिला आर्थिक रूपमा शसक्त बनाइएमात्र महिला आत्मनिर्भर हुन्छन् ।

⇒ दलिय विखण्डनका कारणले गा.वि.स. मा महिलाका बजेट काटिएका छन् ।

५. धमेन्द्र मोक्तानः

⇒ महिला अधिकार सुनिश्चित गर्ने हो भने आयोगको पुनः संरचना गरी प्रत्येक जिल्लामा कार्यालय हुनुपर्दछ ।

६. कमला कार्कीबाटः

⇒ ६ वर्षदखि श्रीमान्बाट अंश पाउन नसकि पीडित भएको छु? मैले कसरी न्याय पाउने?

७. केशरी तामाङबाटः

⇒ गर्भवती महिलालाई खुवाउने आइरन चक्कीमा ढुसी परेको साँचो हो ?

⇒ गर्भवती महिला कति आइरन चक्की खान आउनु हुन्छ ?

⇒ बहु विवाह गर्ने लोग्ने पीडित मैले न्याय पाइन?

८. जे.नी. शेर्पाबाटः

⇒ महिलालाई ३३% होइन ५१% अधिकार चाहिन्छ ।

**जवाफहरूः**

**जनस्वास्थ्य प्रमुखबाटः**

१. विगुका आनीको स्वास्थ्यलाई ध्यानमा राखि एउटा गाउँघर क्लिनिक राख्दैछौ ।

२. राम्रो आइरन चक्की बाडिरहेका छौ, म्याद नाघेका आइरन चक्की Replace गरिसकेका छौ ।

**जि.वि.स. प्रमुखको जवाफः**

⇒ जि.वि.स. को काम सबै समूह मार्फत हुन्छन् । जसका लागि छुट्टयाइएको हो । त्यही खर्च गर्नुपर्ने र स्थानीय लाई नै जिम्मेबार बनाउने नीतिगत व्यवस्था अनुसार कार्य भइरहेका छन् । अपनत्वको भावना अनुसार अनुगमन र मूल्यांकन गर्ने जिम्मेबारी समेत दिइएकोले जि.वि.स. को भूमिका कम देखिउको हो ।

**प्रहरी प्रमुखबाट जवाफः**

⇒ बहु विवाहको केश अदालतबाट विचाराधिन रहेकोले बोल्न नमिल्ने ।

⇒ अरू समस्या छैनन् ।

**जिल्ला न्यायाधिसबाट जवाफः**

⇒ कमला कार्कीको अंश मुद्दामा अदालतले अंश दिलाई दिएको छ । पीडा श्रीमानले दिइरहेको स्थिति विद्यमान छ ।

**प्रमुख जिल्ला अधिकारीबाट जवाफः**

⇒ विगुको आनीलार्य शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्नको पहुँच गराउन आवश्यक प्रतिकृया अगाडी बढाउने छु ।

⇒ नागरिकताको समस्या छैन ।

⇒ यहाँ जनतालाई aware गराउनु पर्ने देखिन्छ ।





**राष्ट्रिय महिला आयोगका अध्यक्ष, श्री शेष चाँदतारा कुमारीबाट जवाफः**

⇒ महिला हक हितको संरक्षण गर्ने आयोगको पहुँच विस्कतार गर्न ७५ वटै जिल्लामा महिला अधिकार सञ्जाल (Networking) विस्तार गर्ने लक्ष्य छ, जस अर्न्तगत ३० जिल्लामा कार्य भइरहेका छन् ।

⇒ पैतृक सम्पत्तिमा महिलाले विवाह पश्चात नपाउने प्रावधान विरूद्धमा लविङ्ग गर्नेछु ।

⇒ राष्ट्रिय महिला आयोगले ७५ वटै जिल्लाका प्रहरी कार्यालयमा महिलाका मुद्दा हेर्ने छुट्टै महिला प्रहरी सेल राख्न पहल गर्नेछु ।

⇒ महिलालाई शसक्त गर्ने आवश्यक कार्य गर्नेछु ।

⇒ महिलाको सबै क्षेत्रका ५०% कम्तीमा सहभागिताको सुनिश्चितताको लागि नीतिगत पक्षमा अनिवार्य राख्ने कार्यका लागि भरपुर कार्य गर्नेछु ।

**निष्कर्ष तथा सुझावहरू :**

- समग्र सार्वजनिक सुनुवाई कार्यक्रमलाई मध्यनजर राख्दा महिलाहरूमा आफ्नो अधिकारको बारेमा अनविज्ञता रहेको पाइयो । त्यसैले awareness create गर्नु आवश्यक छ ।
- गाउँगाउँमा जबरजस्ती करणी गर्ने संख्या बढ्दै जानु र राजनीतिक दवावमा मुद्दा मिलोमतोमा रूपान्तरित हुँदै जानुले दोषीलाई पुनः त्यस्तै कार्यमा प्रोत्साहित गर्ने प्रवृत्ति देखिएको हुँदा दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिने तर्फ ध्यानकेन्द्रित गर्नुपर्ने देखिन्छ ।
- जिल्लामा शसक्त महिलाका मुद्दा उठाई प्रतिवाद गर्ने क्षमता नदेखिएकोले महिलालाई शसक्तिकरण गर्न निकै आवश्यक देखिएको छ ।
- महिलाहरू विविध हिंसामा परेका छन् भन्ने अनौपचारिक रूपमा प्रशस्त आउँदछन् तर कानूनी कारबाहीकालागि औलामा गन्ने मात्र आउनु भन्ने कुराबाट के स्पष्ट गर्न सकिन्छ भने महिलाका अधिकारका विषयमा सचेतना कार्यक्रम ल्याउन जरूरी छ ।